नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## सम्पत्ति शुद्धीकरण सम्बन्धमा FATF ले नेपालको स्थलगत निरीक्षण गर्ने

डेपुटी गभर्नर महा प्रसाद अधिकारी २०७० असोज २७ देखि कार्तिक १ गतेसम्म फ्रान्सको राजधानी पेरिसमा सम्पन्न Financial Action Task Force (FATF) को Plenary बैठकमा सहभागी भई स्वदेश फर्कनुभयो । अर्थ मन्त्रालयका सचिव एवं राष्ट्रिय समन्वय समितिका संयोजक शान्तराज सुवेदी नेतृत्वको नेपाली प्रतिनिधिमण्डलका अन्य सदस्यहरूमा कानुन मन्त्रालयका सचिव, वित्तीय जानकारी एकाइका प्रमुख लगायत अन्य सरकारी अधिकृतहरू हुनुहुन्थ्यो ।

उक्त बैठकमा FATF अन्तर्गतको International Co-operation Review Group (ICRG) को बैठकले नेपालले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा हालसम्म गरेका काम कारवाहीहरू सन्तोषजनक रहकाले नेपाललाई FATF/ICRG को नियमित अनुगमन सूचीबाट बाहिर ल्याउने क्रममा गर्नुपर्ने स्थलगत निरीक्षणको सिफारिस सहितको प्रतिवेदन Plenary समक्ष पेश गरेको थियो । प्रस्तुत प्रतिवेदनमाथि छलफल पश्चात् Plenary बैठकले नेपाललाई FATF/ICRG को नियमित अनुगमन सूचीबाट हटाउनको लागि नेपालले पारित गरेका ऐन, नियम तथा अन्य विषयहरूको कार्यान्वयनको स्थितिका सम्बन्धमा अध्ययन गर्न एक प्रतिनिधिमण्डल पठाई स्थलगत निरीक्षण गर्ने निम्नानुसार निर्णय गरेको छ :

"Since February 2010, when Nepal made a high-level political commitment to work with the FATF and APG to address its strategic AML/CFT deficiencies, Nepal has made significant progress to improve its AML/CFT regime. Nepal has largely addressed its action plan, including by: adequately criminalizing money laundering and terrorist financing; establishing and implementing adequate procedures to identify and freeze terrorist assets; implementing adequate procedures for the confiscation of funds related to money laundering; enacting and implementing appropriate mutual legal assistance legislation; ensuring a fully operational and effectively functioning Financial Intelligence Unit; and establishing adequate suspicious transaction reporting obligations for money laundering and terrorist financing. The FATF will conduct an on-site visit to confirm that the process of implementing the required reforms and actions is underway to address deficiencies previously identified by the FATF".

डेपुटी गभर्नर अधिकारीका अनुसार निकट भविष्यमा नेपालको स्थलगत निरीक्षणमा खटिई आउने FATF को प्रतिनिधिमण्डलबाट नेपालले यस क्षेत्रमा हालसम्म गरेका कार्यहरूका सम्बन्धमा सकारात्मक प्रतिवेदन दिएमा FATF/ICRG को नियमित अनुगमनमा रहेको नेपाल आगामी फेब्रुअरी २०१४ को Plenary बैठक पश्चात् नियमित अनुगमन सूचीबाट बाहिर आई अन्तर्राष्ट्रिय समुदायसामु AML/CFT Compliant Jurisdiction को रूपमा रहने छ । यसबाट अन्तर्राष्ट्रिय स्तरमा नेपालको शाख समेत बढ्ने छ ।

गभर्नरको कार्यालय                                        २०७० कार्तिक ५ गते, मङ्गलबार